# प्रदेश लोक सेवा आयोग

(लिखित परीक्षा संचालन शाखा)

मधेश प्रदेश
जनकपुरधाम, धनुषा, नेपाल

**शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदको द्वितीय चरणको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना।**

**सूचना नं. १६६/२०८२-८३, मिति २०८३/०१/०९**

स्थानीय सेवा अन्तर्गतका प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशको वि.नं. ५३३-५४२।२०८२-८३ (खुला, समावेशी र अन्तर तह) स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन/लेखा/आ.ले.प. समूह, अधिकृत सातौ (अप्राविधिक), शाखा अधिकृत वा सो सरह पदको लागि पहिलो चरणको प्रतियोगितात्मक लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुको द्वितीय चरणको परीक्षा पूर्व निर्धारित परीक्षा कार्यक्रम अनुसार निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले आयोगको मिति २०८३।०१।०९ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरुले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाण सहितका कागजात संलग्न राखी प्रदेश लोक सेवा आयोग कार्य संचालन निर्देशिका, २०७७ को दफा ३२(१) बमोजिम परीक्षा शुरु हुने मिति भन्दा १०(दश) दिन अगाबै यस कार्यालयमा निवेदन दिनु पर्नेछ। परीक्षार्थीहरुले अनिवार्य रुपमा पालना गर्नुपर्ने विषयहरु द्रष्टव्यमा तल उल्लेख गरिएको छ।

**<u>लिखित परीक्षा भवन</u>**

| क्र.सं. | विज्ञापन नं. | सेवा/समूह/उप-समूह | तह | परीक्षा मिति | | | रोल नं. | | परीक्षा भवन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | देखि | सम्म | |
| १ | ५३३-५४२। २०८२-८३ | स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन, लेखा | सातौं (७) | २०८३।०१।२७ दिनको ३:०० बजे । | २०८३।०१।२८ दिनको ३:०० बजे । | २०८३।०१।२९ दिनको ३:०० बजे । | २ | १०३१ | श्री सरस्वती नमूना मा.वि. जनकपुरधाम (बाह्रविघा)। |
| | | | | | | | १०४९ | १९४३ | श्री सकल भवन कन्या मा.वि., जनकपुरधाम। |
| | | | | | | | १९४६ | २५४३ | श्री जानकी मा.वि., बाह्रविघा, जनकपुरधाम। |

**<u>द्रष्टव्यः</u>**

१. परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम स्थगित हुने छैन ।
२. उम्मेदवारले उत्तरपुस्तिकामा कालो मसी भएको डटपेन/कलम मात्र प्रयोग गर्नुपर्नेछ ।
३. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।
४. उम्मेदवारले परीक्षा केन्द्रमा आउँदा आफ्नो प्रवेशपत्र सहित नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा आफ्नो तस्विर भएको सरकारी निकायबाट जारी भएको अन्य कुनै प्रमाणपत्र समेत अनिवार्य रूपमा साथमा लिई आउनु पर्नेछ ।
५. परीक्षा भवनमा झोला, मोबाइल फोन, स्मार्ट वाच लगायत अन्य विद्युतीय उपकरणहरु निषेध गरिएको छ ।
६. संक्रमणजन्य रोगका कारण उम्मेदवारले आफ्नो प्रयोजनको लागि मास्क, स्यानिटाइजर तथा पिउने पानीको व्यवस्था आँफै गर्नु पर्नेछ ।

…………………………

(अमित कुमार यादव)
कम्प्युटर अधिकृत